# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२/०७/१४

### प्रेस विज्ञप्ति

पत्रकार गणेश पाण्डेको लमजुङस्थित घरमा तोडफोड गरिएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

बेसीशहर नगरपालिका ८ स्थित पाण्डेको घरमा कात्तिक १३ गते राति सुनियोजित रूपमा ढुंगा प्रहार गरी क्षति पुऱ्याईएको महासंघ लमजुङ शाखाले जनाएको छ ।
प्रेस चौतारी नेपालका केन्द्रीय अध्यक्ष समेत रहेका पत्रकार पाण्डेको घरमा भएको तोडफोडको महासंघ भर्त्सना एवं निन्दा गर्दछ ।

पत्रकारलाई त्रसित बनाउने यो घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन महासंघ सम्बद्ध पक्षसँग जोडदार माग राख्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org